# बन व्यवस्थापनका लागि मापदण्ड

पुस - २६ - २०६१ / Jan - 11 - 005

**काठमाडौं :** दक्षिणएसियामा पहिलोपटक नेपालको सामुदायिक बन उपभोक्ता समूह नेपाललाई फरेस्ट स्टेवार्डसिप काउन्सिलले प्रमाणीकरण प्रदान गर्ने भएको छ। सामुदायिक बन उपभोक्ता महासंघलाई प्रदान गर्न लागिएको यो प्रमाणीकरण संसारकै पाँचवटामध्येको एक हो। प्रमाणीकरणपछि सामुदायिक बन उपभोक्ता समूहले गैरकाष्ठ बन पैदावारलाई अन्तर्राष्ट्रिय उद्योगसम्म पुऱ्याउने काम गर्ने बताइएको छ। काउन्सिलले हालसम्म साठी देशका चार करोड २० लाख हेक्टर बनलाई प्रमाणीकरण गरिसकेको जानकारी दिइएको छ। फरेस्ट स्टेवार्डसिप काउन्सिलले दोलखा र बझाङ जिल्लाका ११ वटा सामुदायिक बनको दस हजार पाँच सय हेक्टर क्षेत्रफललाई प्रमाणित गरेको जानकारी राजधानीमा सोमबार दिगो कृषि तथा जैविक स्रोतका लागि एसियाली नेटवर्कले आयोजना गरेको कार्यक्रममा दिइयो।

अन्नपूर्ण पोष्ट